REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 24.06.2026

## भाजपा सिक्किम प्रदेश अध्यक्ष र प्रदेश महासचिवद्वारा नयाँ दिल्लीमा केन्द्रीय पर्यटन मन्त्रीसँग भेट सिक्किमको पर्यटन क्षेत्रको विकास र विकासबारे छलफल

भाजपा सिक्किम प्रदेश अध्यक्ष डी. आर थापा र प्रदेश महासचिव अर्जुन राईले आज नयाँ दिल्लीमा केन्द्रीय पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतसँग भेट गरी सिक्किमको पर्यटन क्षेत्रको प्रगति र विकासबारे छलफल गरे। प्रतिनिधिमण्डलले प्रधानमन्त्री नरेन्द्र मोदीको हालैको सिक्किम भ्रमणपछि पर्यटक आगमनमा भएको वृद्धिलाई प्रकाश पार्दै पर्यटन पूर्वाधार, नयाँ गन्तव्यहरूको प्रवर्द्धन, आगन्तुक सुविधाहरू र दिगो पर्यटन पहलहरूको लागि केन्द्रीय सहयोग बढाउन माग गरे । केन्द्रीय मन्त्रीले सिक्किमको पर्यटन सम्भावनालाई स्वीकार गर्दै राज्यको पर्यटन पारिस्थितिक प्रणालीलाई सुदृढ पार्न मन्त्रालयबाट निरन्तर सहयोगको आश्वासन दिए।

## 27 माउन्टेन डिभिजनका जीओसी मेजर जनरल राजेश मिश्र, एसएमले आज राज्यपालसँग शिष्टाचार भेट गर्नुभयो।

२७ माउन्टेन डिभिजनका जनरल अफिसर कमाण्डिङ मेजर जनरल राजेश मिश्र, एसएमले आज राजभवनमा राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गर्नुभयो।

भेटवार्ताका क्रममा भारतीय सेनाद्वारा सञ्चालित मिशन सद्भावना तथा रणभूमि दर्शन कार्यक्रमहरूको प्रगतिबारे विस्तृत छलफल भएको थियो।

राज्यपालले राष्ट्रको सुरक्षाका लागि भारतीय सेनाले देखाएको साहस, समर्पण र योगदानको प्रशंसा गर्नुभयो। उहाँले स्थानीय नागरिकहरूको कल्याणका लागि सेनाले सञ्चालन गरिरहेका सामाजिक तथा जनहितमुखी कार्यक्रमहरूको पनि सराहना गर्दै राजभवनको तर्फबाट आवश्यक सहयोग उपलब्ध गराइने आश्वासन दिनु भयो।

## पर्यटन तथा नागरिक उड्डयन विभाग मन्त्रीले विभागको सबै आधिकारिक कामका लागि ई-अफिस वेब एप्लिकेसनको शुरूवात गर्नुभयो

पर्यटन तथा नागरिक उड्डयन विभाग मन्त्री छिरिङ टी. भुटियाले टाशिलिङ सचिवालयमा आयोजित एक कार्यक्रममा पर्यटन तथा नागरिक उड्डयन विभागका सबै आधिकारिक कामका लागि ई- अफिस वेब ऐप्लिकेशन को शुरूवात गर्नुभयो।

पत्रकारहरूलाई सम्बोधन गर्दै मन्त्रीले कुशल, पारदर्शी र झन्झटमुक्त गरिन सार्वजनिक सेवा प्रदान गरिनु सुनिश्चित गर्न मुख्यमन्त्री प्रेम सिंह तामाङको निर्देशनमा ई-अफिस प्रणाली शुरु बताउनुभयो ।

यस प्रणालीको कार्यान्वयनमा संलग्न प्रक्रियाको बारेमा जानकारी दिँदै मन्त्रीले भन्नुभयो।

## लागूऔषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवसः पाकिम जिल्ला

"नशा मुक्त भारत अभियान - विकसित भारत की पहचान" भन्ने विषयवस्तु अन्तर्गत लागूऔषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाउने क्रममा पाकिम जिल्लामा हप्ताभरि जागरूकता र सामुदायिक संलग्नता गतिविधिहरू सञ्चालन गरिएको छ।

जिल्लापाल पाकिम, परी बिश्नोईले पाकिम स्थित जिल्ला प्रशासनिक केन्द्रको परिसरमा वृक्षारोपण अभियानको नेतृत्व गर्नुभयो।

यो अभियान, वातावरणीय दिगोपनलाई प्रवर्धन गर्दै स्वस्थ, लागू औषधमुक्त समाजको प्रवर्धन गर्ने तर्फ जिल्ला प्रशासन र सरोकारवालाहरूको सामूहिक प्रतिबद्धताको प्रतीक थियो।

## 29 जुनमा सडक बन्दको सूचनाः एसपी कार्यालय सोरेड

सोरेङ जिल्लाको पुलिस अधीक्षकको कार्यालयले आज एक सूचना जारी गरेको छ कि सिक्किम सरकारको सडक तथा पुल विभाग, सोरेङले मानव र सवारी साधनको आवागमन सुचारु गर्न सोरेङ जिल्लाको दरमदिन उप-डिभिजन अन्तर्गत 8औं CH 27-28 मा रहेको एनडीपी सडकको चुधरे खोलामा रहेको स्टील पुलको पुनर्स्थापना कार्य गर्नेछ। यो पनि जानकारी

गराइएको छ कि सोहि दिन सोरेङ जिल्लाको दरमदिन उप-डिभिजन अन्तर्गत 8औं CH 27-28 मा रहेको एनडीपी सडकमा दुई पाङ्ग्रे लगायत सवारी साधनको लागि पूर्ण रूपमा बन्द रहनेछ। यात्रुहरूलाई वैकल्पिक मार्गहरू प्रयोग गर्न अनुरोध गरिएको छ र असुविधा भएकोमा खेद प्रकट गरिएको छ।

<u>पहिरोका कारण लेगशिप गेजिंग सडक अवरुद्ध</u>

रातको समयमा मुसलधारे वर्षाका कारण ओमचुङ नजिकै पहिरो गएपछि लेगशिप गेजिंग सडकमा सवारी साधन आवागमन पूर्ण रूपमा अवरुद्ध भएको छ। स्रोतहरूले भने, निरन्तर भारी वर्षाका कारण पहाडको एक भाग भत्किएको छ, र ठूलो मात्रामा फोहोर र हिलो सडकमा जम्मा भएको छ जसले गर्दा सबै प्रकारका सवारी साधनहरू आवतजावतमा यसका पुगेको छ। अवरोधका कारण दैनिक यात्रा र आवश्यक सामान ढुवानीको लागि सडक यात्रा गर्ने यात्रुहरू र स्थानीय बासिन्दाहरु प्रभावित भएका छन्।